# विश्वास मा 2023 सुरु गर्नुहोस्!

Pastor S. James

**Jan. 5th, 2023**

*प्रार्थना*

*प्रभु धन्यबाद ,धन्यबाद , धन्यबाद २०२२ को सबै आशिषको लागी धन्यबाद । हजुरको अनुग्रह द्वारा मात्र आज सम्म हामी नयाँ शालमा प्रबेस गरेका छौ । यसरी नै हामी यो शाल पनि हाम्रो जीवनमा हामी घट्छौ येशु बढ्नु हुनेछ । हाम्रो बिश्वासमा , प्रेममा र आसामा हामी पुर्ण रुपले बढ्दै जानलाई सहाएता गर्नुस् । समाल्नुहोस् सबैलाई सरीरमा रोग भएकाहरुलाई चङ्गाई दिनुहोस् । यो शालमा असान्ति परिवारमा सान्ति दिनुहोस् । परिवारमा मिलाप दिनुस् मिलापको निम्ति हजुर आउनुभयो अनी मिलापको निम्ति क्रुसमा चढ्नुभयो । हामीलाई हजुरको रहस्यमय बचन बुझ्ने र समझने हृदय दिनुस् । यो नयाँ आउने शालमा हजुरको बचनमा चल्न हामीलाई पवित्र आत्माले अभिषेक गर्नुहोस् । येशु मशिहको नाममा आमेन ।*

यहुदा १:२० [20]तर प्रिय मित्रहरु, तिमीहरु स्वयंलाई दृढ तुल्याउनका निम्ति तिमीहरुका अति पवित्र विश्वास उपयोग गर। पवित्र आत्मासित प्रार्थना गर।

तिमीहरु अति पबित्र विश्वासमा , हाम्रो बिश्वास साधारण होइन किनभने हामीले उद्धार पाउनु भन्दा अगाडि उद्धार पाउनको लागी चाहिने बिश्वास हामी संग थिएन यो बिश्वास परमेश्वरले दिएको बिश्वास हो । परमेश्वर बाट उत्पन्न भएका सबै कुराहरु पबित्र हुन् ।त्यसकारणले यो बिश्वास परमेश्वर बाट आएको कारणले गर्दा यो बिश्वास अति पबित्र छ । प्रेरितहरुले गरेको बिश्वास , येशुले गरेको बिश्वास र सबै ब्यक्तिहरुले गरेको बिश्वास परमेश्वरले दिएको बिश्वास हो । यो बिश्वास अतिनै पबित्र छ जसले गर्दा यो अतिनै पबित्र बिश्वासमा हामी दिन प्रतिदिन बढ्दै जानुपर्छ ।

मर्कुस ११:२०-२६ [20]अर्को बिहान, येशू आफ्ना चेलाहरूसंग जाँदै हुनु हुन्थ्यो। तिनीहरूले अञ्जीरको रूख देखे जसलाई येशूले शराप दिनुभएको थियो। अञ्जीरको रुख जरादेखि टुप्पो सम्मै सुकिसकेको थियो।
[21]पत्रुसले येशूलाई भने, "हे रब्बी, अञ्जीरको रूखलाई हेर्नुहवस जसलाई तपाईंले हिजो सराप्नु भएको थियो। अहिले त्यो सुकिसकेको र मरिसकेको छ!"
[22]यशूले जवाफ दिनुभयो, "परमेश्वरमा विश्वास राख।
[23]म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले यो पर्वतलाई भन्सक्छौ, जा अनि समुद्रमा खस्। अनि यदि तिमीहरूको मनमा कुनै शंका छैन, अनि तिमीले विश्वास गरेको खणडमा तिमीले भनेको कुरा घटने छ, तब परमेश्वरवले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ।
[24]यसैले तिमीहरूले जे वस्तुको निम्ति प्रार्थना गर्दछै। अनि यदि चीजहरू पाइसकेकाछौ भन्ने विश्वास राख्छौ तब त्यो तिम्रो आफ्नै हुनेछ।
[25]जब तिमीहरू प्रार्थनाका निम्ति तयार हुन्छौ, अनि कसैको विरुद्धमा तिमीहरूमा भएको नराम्रो सम्झना भयो भने, त्यसलाई क्षमा गरिदेऊ। यसो गर्यौं भने स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका सबै पापहरू क्षमा गरिदिनुहुनेछ।"

हाम्रो प्रार्थनाको र,बिश्वासको बारेमा यो ६ पदमा लेखेको छ । जब येशुले अञ्जीरको रुख देख्दा पातहरु हराबरा थिए तर फल चाहि थिएन । अनि येशुले त्यो अञ्जीरको रुखलाई श्राप दिनुभयो । भोलि पल्ट फेरि यिनीहरु जादा त्यो अञ्जीरको रुख त सुकेछ । त्यसपछि येशु मशिहले चेलाहरुलाई त्यस बाट प्रार्थनाको बारेमा शिक्षा दिनुहुन्छ । परमेश्वरको बचन देखि दुई वटा काम हुन्छ । पहिलो काम

रामी १०:१७ [17]यसैले सुसमाचार सुनेपछि विश्वास आउँदछ। अनि यदि कसैले मानिसलाई ख्रीष्टको बिषयमा बताए तिनीहरूले सुसमाचार सुन्नेछन्।

पहिलो काम परमेश्वरको बचन सुने पछि बिश्वास आउनुपर्छ । बिश्वास पछि हो सबै बाकि काम उद्धार हुनुभन्दा अगाडी परमेश्वर पहिला हामी लाइ बिश्वास दिनुहुन्छ । बचनको सुनाइबाट बिश्वास आउछ । दोस्रो काम

यहुन्ना १७:१७ [17]तपाईंको सत्यद्वारा तिनीहरूलाई आफ्नो सेवामा राख्न तयार पार्नुहोस्। तपाईंको वचन सत्य हो.

हामीलाइ सत्य द्वारा पबित्र पार्नुहुन्छ सत्य परमेश्वरको बचनमा छ । परमेश्वरको बचनले हाम्रो जीवनमा दुई तरीकाले काम गर्छ पहिलो उहाको बचन द्वारा हाम्रो जीवनमा बिश्वास उत्पन्न गराउछ अर्को उहाको बचन द्वारा हाम्रो जविनमा सत्यता लिएर आउछ ।

यूहन्ना ८:३२ [32]तब मात्र तिमीहरूले सत्य जान्नेछौ। अनि सत्यले तिमीहरूलाई मुक्ति गराउनेछ

सत्य परमेश्वरको बचनमा छ र त्यो पबित्र र सत्यको बचनले हामीलाइ श्वतन्त्रता दिन्छ । कति मान्छेहरु पबित्रताको बाटोमा मात्र हिड्छन् तर उनीहरु संग बिश्वास छैन । अर्को मान्छेहरु बिश्वासमा हिड्छन् तर पबित्रता खोज्दैनन् । बिश्वास छ सत्य छैन ।सत्य छ बिश्वास छैन । हाम्रो जीवनमा यो दुबै हुन अतिनै जरुरी छ । उद्धारको निम्ति दुबै चाहिन्छ । जब हामी परमेश्वरको बचन सुन्छौ त्यो बचन सुनेर हाम्रो जीबनको सत्यता हाम्रो जीवनको पाप र येशुको धार्मीकता दुबै देख्न सक्नुपर्छ । नत्र भने बिश्वास आउदैन । बिश्वासको साथै सत्यले पनि उद्धार दिन्छ ।

एफिसी २:८ [8]तिमीहरू अनुग्रहले बचाइएकाछौ। अनि त्यो अनुग्रह विश्वासद्वारा पाएका हौ। तिमीहरू आफैले तिमीहरूलाई बचाएनौ। परमेश्वरको यो एउटा उपहार हो।

अनुग्रह र बिश्वास दुबै परमेश्वरको बरदान अर्थात उपहार हो । बिश्वास द्धारा हाम्रो अनुग्रह आयो र त्यो अनुग्रहले हो हाम्रो उद्धार भएको

याकुब १:१८ [8]सत्यको वचनबाट परमेश्वरले हामीलाई उहाँको बालक बनाउने निर्णय लिनु भयो। उहाँले सृजना गरेको वस्तुहरू मध्ये हामीलाई सब भन्दा महत्वपूर्ण बनाउनु इच्छा गर्नुभयो।

त्यो हामीले सुनेको बचन सत्यको बचन थियो । पेन्टिकोसको दिनमा बचनले उनीहरुको हृदय काट्यो । यसको मतलब हो बिश्वासले यिनीहरुको हृदय काटेको होइन सत्यको तरबारले अर्थात सत्यको बचनले यिनीहरुको हृदय काटेको हो । जब यिनीहरुले बचन सुने त्यसपछि उनीहरुले थाहा पाए कि हामीहरुको पापको कारण येशु क्रुसमा टागेको पत्रुसले भने आफ्नो पाप देखि पस्चाताप गर र येशुमा बिश्वास गर जसले हाम्रो पापको लेखि मर्नुभयो । यो पबित्र र सत्य बचन सुनेपछि उनीहरुको हृदय काट्यो र त्यसपछि बिश्वास आयो र उनीहरुको जीबनमा उद्धार आयो । हामीले येशुको बारेमा सुन्नु पर्छ । येशु आएर पुरानो नियमको मान्छे संग परमेश्वरमा बिश्वास राख भन्नुहुन्छ । हामी आज येशुमा बिश्वास राख भन्छौ । सबै धरममा परमेश्वर छ हामी परमेश्वरमा बिश्वास राख भनेर भन्दैनौ हामी येशुमा बिश्वास राख भन्छौ । चङ्गाई चाहियो ,छुटकारा चाहियो, हामी येशुमा बिश्वास राख भन्छौ । हाम्रो सबै प्रस्नको उत्तर येशु मशिह हो । येशुमा हाम्रो पिता परमेश्वर प्रकट हुनुभयो । त्यसकारणले जब हामी येशुको बारेमा सुन्छौ भने त्यस द्धारा बिश्वास आउन जरुरी छ । किनभने पिता र पबित्र आत्मा होइन क्रुसमा टागेको येशु हाम्रो पापको लेखि क्रुसमा टागिनु भयो । यो येशु माथिको बिश्वासले हाम्रो उद्धार हुन्छ । पत्रुसले डाडा माथि तिनवटा तम्बु बनाऔ मोशा ,येशु ,अनि एलियाको लागी भनेर भन्दा खेरी त्यतिखेर पिताले मेरा छोराको आवाज सुन भनेर भन्नुहुन्छ । पबित्र आत्मा आएपछि पबित्र आत्मा ले आफ्नो बारेमा बोल्नुहुन्न उहाले येशुको बारेमा मात्र बोल्नुहुन्छ । पबित्र आत्माले र पिता दुबै जनाले येशुको बारेमा सुन्नु भनेर भन्नुहुन्छ । किनभने हाम्रो सम्पुर्ण उद्धार येशु संग जोडेको छ । त्यसकारणले नयाँ नियममा पुरा येशुको बारेमा र पुरानो नियममा येशु छाया हुनुहुन्छ । पावल ले भन्छन् हामी क्रुसमा टागेको येशुको बारेमा भन्छौ । त्यो सत्य सुने पछि मात्र हामीले उद्धार पाउछौ । रामि १२:३ अनुसार जो जो खिष्टमा बिश्वास गरेका छन् उनीहरुलाइ परमेश्वरले नाप अनुसार बिश्वास दिनुभएको छ ।

रोमी १२:३ [3]परमेश्वरले मलाई अनुग्रहको वरदान दिनुभएकोछ, म तिमीहरू सबैलाई भन्छु आफू जे छौ त्यो भन्दा बढता आफूलाई नसंझौं। परमेश्वरले दिनुभएको विश्वासको आधारमा तिमी वास्तवमा बाँचिरहेकाछौ त्यो स्वयं हेर।

सबैलाइ परमेश्वरले नापेर बिश्वास दिनु भएको छ । हाम्रो कामको, क्षमताको आधारमा होइन परमेश्वरले परमेश्वरको आधारमा सबैलाइ नापेर बिश्वास दिनुभएको छ । यो परमेश्वरले दिएको बिश्वास आत्मिक हो ।

२ कारिन्थी ४:१३ [13]धर्मशास्त्रमा यो लेखिएको छ, “मैले विश्वास गरें, यसकारण म बोलें।” हाम्रो विश्वास पनि त्यस्तै नै छ। हामी विश्वास गर्छौं र हामी बोल्छौं।

यो बिश्वास आत्मिक हो। संसारमा एउटा बिश्वास छ । जसको धन छ , पढाई छ , तागत छ त्यसमा मान्छे को बिश्वास छ । यो बिश्वास त्यस्तो बिश्वास नभएर आत्मिक हो । यो पबित्र आत्मा बाट पाइन्छ । तेस्रोमा

रोमी १०:१० [10]हो, हामी हृदयले विश्वास गर्छौं त्यसैले हामी धर्मी बनाइका छौं। अनि हामी विश्वास गर्छौं भन्ने स्वीकार गर्न हामी आफ्ना मुख खोल्दछौं त्यसैले हामी बचाईएका छौं। हामीले मुख खोल्यौं र विश्वास गर्यौं अनि हाम्रो उद्धार भयो।

बिश्वास हृदय बाट आउछ । दिमाख देखि होइन । धेरै जना बिश्वासमा बढ्न नसक्नुको कारण दिमाखमा संका उत्पन्न हुन्छ । त्यसकारणले गर्दा बिश्वास दिमाख अर्थात मनमा होइन तर बिश्वास हृदय देखि आउनु पर्छ । दिमाखले बुझ्न नसकेको कुरा पनि हामीले हृदय देखि बिश्वास गर्न सक्छौ । ९९ शाल भएको अब्राहाम र ९० शाल भएकी साराले बच्चा हुन्छ भन्दा खेरी दिमाखले त बुझ्नै सकेनन् फेरि पनि

अब्राहामले बिश्वास गरे ९ महिना पछि बच्चा आयो बिश्वास त भयो र पनि अझै दिमाखले बुझ्न सकेनन् । कन्या गर्भबति हुन्छ भन्दाखेरी मरियमले पनि बुझ्न सकिनन् र भनिन् मेरो त कुनै पुरुष संग सम्भन्ध नै छैन । गर्बियल श्वर्गदुधले भने तिमी पबित्र आत्मा देखि गर्भवति हुन्छौ भनेपछि पनि बुझिनन् । र पनि बिश्वास गरिन् । पहिलो कुरा परमेश्वरले सबैलाई नापेर बिश्वास दिएको छ । दोस्रो कुरा बिश्वास भनेको आत्मिक हो तेस्रो बिश्वास हृदय देखि आउछ ।

हिब्रु१२:२ [2]हामीले सदा येशूको उदाहरणको पनि अनुसरण गर्नु पर्छ। हाम्रा विश्वासको निम्ति येशू अगुवा हुनुहुन्छ र उहाँले हाम्रा विश्वासलाई पूर्ण गर्नुहुन्छ। उहाँले क्रूसमा मृत्यु अँगाल्नु भयो। परमेश्वरको अघि आनन्दको लागि, उहाँले क्रूसको कष्टलाई झेल्नु भयो। अहिले उहाँ परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ।

हाम्रो बिश्वास सुरु गर्ने पुरा गर्ने येशुलाई हेरौ । हाम्रो बिश्वास सुरु गर्ने र पुरा गर्ने येशु हुनुहुन्छ । त्यसकारणले हामीले येशु मशिह को प्रचार गर्नु पर्छ । उहाँको बारेमा निरन्तर सुनिरहनु पर्छ । १२ शाल रक्तस्राब भएकी स्त्रीले येशुको बारेमा सुनी ,बर्तमै अन्धा थियो उसले भिड देखि येशु आउदैछ भन्ने सुने । सबै जनाले येशुको बारेमा सुनेको प्रेरित को पुस्तकमा यसरी लेखेको छ । शास्त्रिहरु आएर प्रचार नगर्नु भनेर होइन तर येशुको नाममा प्रचार नगर्नु भनेर धम्कि दिए । कारण जति जनाले पनि चगांइ पाए, येशु मशिहको नाममा पाएका थिए । येशु मशिहको नाममा चगांइ , छुटकारा र उद्धार छ । त्यसैले अब आउने शाल देखि हामी चुपचाप बस्नुहुदैन येशु हाम्रो उद्धार कर्ताको बारेमा हामीले प्रचार गर्नु पर्छ ।

मर्कुस ११:२२ [22]यशूले जवाफ दिनुभयो, "परमेश्वरमा विश्वास राख

चेलाहरुले भने येशुअञ्जिरको रुख त सुक्यो येशुले भन्नुभयो परमेश्वरमा बिश्वास राख । तब सम्म हामी परमेश्वरमा बिश्वास राख्न सक्दैनौ जब सम्म हामीले परमेश्वरको बारेमा सुन्दैनौ र थाहाँ पाउदैनौ । पत्रुसको अन्तिम चिठीको अन्तिम पदमा पत्रुसले यसरी भन्छन् परमेश्वरको अनुग्रह र परमेश्वरको ज्ञानमा बढ्दै जाओ । नचिनेको र नजानेको थोकमा हामीले बिश्वास गर्न सक्दैनौ । जति जति परमेश्वरको ज्ञानमा हामी बढ्छौ त्यति त्यति हामी परमेश्वरममा हामी बढ्छौ ।

२ पत्रुस ३:३,४ [3]येशूसित परमेश्वरको शक्ति छ। उहाँको शक्तिले हामीलाई जीउनु अनि परमेश्वरको सेवा गर्नु चाहिएको हरेक चीज प्रदान गेरको छ। हामीसित यी कुराहरु छन्, किनभने हामी उनलाई जान्दछौं। येशूले उहाँको महिमा अनि भलोपनद्वारा हामीलाई आह्वान गर्नुभयो।
[4]यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरु दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु इश्वरीय स्वभावका सहभागी ह

हामीलाई थाहाँ छ । परमेश्वर कहिले पनि झुट बोल्नुहुन्न र कहिले पनि बदल्नु हुन्न । परमेश्वर सर्बसक्तिमान र प्रेमिलो परमेश्वरले ४००० शाल अगाडी बोल्नु भएको कुराहरु बदलेकै छैनन् ।अदनको बगैचामा आदम र हव्वा संग बोलेको प्रतिज्ञा अनुसार परमेश्वरले तिनीहरुलाई झुट बोल्नुभएन ,उहाँ बदल्नु भएन परमेश्वर संग सारा सक्ति र सामर्थ छ र परमेश्वर अथाह प्रेमले प्रेम गर्ने परमेश्वर हुनुहुन्छ । यहि कुरा येशुमशिहको जन्म हुनुमा पनि परमेश्वरको यो चार गुणहरु देख्न सकिन्छ । हामीले ४ पदमा हेर्ने हो भने त्यहाँ लेखेको छ । उहाँले हामीलाइ अनमोल र माहान प्रतिज्ञाहरु दिनुभएको छ । हामी कुन प्रतिज्ञाको माथि खडा भएका छौ ? चगांईको बारेमा हामीलाई कति वटा परमेश्वरले गरेको प्रतिज्ञा थाहाँ छ? यदि हामी उहाँमा बिश्वास गर्छौ भने हामीलाई उहाँको प्रतिज्ञाहरु थाहाँ हुन जरुरी छ । हामीलाई कसरी थाहाँ हुन्छ कि परमेश्वरले चगांई दिनुहुन्छ भनेर ? उत्पतिको पुस्तक देखिनै हामीलाई थाहाँ हुन्छ कि हाम्रो परमेश्वर चगांई दिने परमेश्वर हो भनेर । अभिमलेकले जब सारालाइ आफ्नै घरानामा लिदा खेरी सपनामा परमेश्वर आएर अभिमलेकलाइ चेतावनी दिनुहुन्छ र भन्नुहुन्छ साराको पति एउटा अगमबक्ता हो ।त्यसकारणले गर्दा उसको श्रीमति उसलाइ फर्काएर दे । तिम्रो घरको सबै स्त्रीको गर्भ मैले बाझो बनाएको छु । उसले तिम्रो र तिम्रो घरको लागी प्रार्थना गर्छ र म तिम्रो घरको सबे स्त्रीहरुको लागी गर्भ खोलिदिनेछु । परमेश्वर चगांइ दिने परमेश्वर भनेर यो सबै कुराहरुबाट हामीले थाहाँ पाउन सक्छौ । प्रस्थान १५:२६ , भजनसग्रह १०३:१,२ , भजनसग्रह १०७ , १२० , पुरानो नियम हो या नयाँ नियम यशैयाको पुस्तक , पत्रुसको पुस्तक मा हेर्दा खेरी प्रतिज्ञाहरु छन् चगांइको लागी । हाम्रो जीवनमा के के कुराको खाचो छ । त्यो येशु मशिहमा पुरा हुन्छ ।

एफिसी १:३ [3]उहाँले हामीलाई स्वर्गीय स्थानहरूमा प्रत्येक ख्रीष्टमा रहेको आत्मिक आशिष दिनु भएकोछ। हाम्रा प्रभु येशू ख्रीष्टका पिता परमेश्वरमा प्रशंसा।

श्वर्गीय स्थानहरुमा हरेक खीष्टमा भएकाकालाइ आत्मिक आशिष दिएको छ । दिन्छु भनेको छैन दि सकेको छ । यो परमेश्वरले दि सकेको सबै आशिष पाउनको लागी हामीलाइ येशु प्रभुले दुइवटा कुराहरु सिकाउनु भयो ।बिश्वास र प्रार्थनाको जीवन । येशुको जीवनमा पनि यहि दुइ कुराहर थिए । पहिला परमेश्वरमा बिश्वास राख्नुपर्छ त्यो बिश्वास राख्नको लागी परमेश्वरको ज्ञानको बारेमा जान्न पर्छ ।दोस्रो

२पत्रुस १:३ [3]येशूसित परमेश्वरको शक्ति छ। उहाँको शक्तिले हामीलाई जीउनु अनि परमेश्वरको सेवा गर्नु चाहिएको हरेक चीज प्रदान गेरको छ। हामीसित यी कुराहरु छन्, किनभने हामी उनलाई जान्दछौ। येशूले उहाँको महिमा अनि भलोपनद्वारा हामीलाई आह्वान गर्नुभयो

जीवन र भक्ति अर्थात उहाँको सेवाको निम्ति हामीलाइ चाहिने प्रतेक थोक उहाँले दिनुभएको छ। दिनुभएको कुरा येशुमा छ र पाउनमा हामीलाइ बिश्वास चाहियो र प्रार्थना चाहियो। बिश्वास ज्ञानको अनुसार हुनुपर्छ परमेश्वर को हो? उहा कस्तो हुनुहुन्छ?येशु त्यहि परमेश्वरको बारेमा प्रकास पार्नको लागी यस संसारमा आउनुभयो। येशु परमेश्वरको पुरा ज्ञान हुनुहुन्छ। दोस्रो मा हामीलाइ प्रतिज्ञाहरु चाहियो जीवनको हर परिस्थीतिमा हामीलाइ परमेश्वरको प्रतिज्ञा चाहिन्छ। यो अनमोल प्रतिज्ञा द्धारा हामीले दिब्य शक्ति मात्र पाउने होइन परमेश्वरको श्वर्गीय स्वभाबको हामी भाग हुन्छौ। येशु संसारमा चल्दा पुरा परमेश्वरको स्वभाबमा चल्नु भएको थियो।यदि हामी पनि येशुको जस्तै उहाको स्वभाबमा चल्यौ भने यो संसारमा भएका सबै खराब र कुइच्छाबाट हामीलाइ बचाउन सक्नुहुन्छ। त्यसको लागी परमेश्वरले उहाँका अति अनमोल प्रतिज्ञाहरु दिनुभएको छ। पहिला परमेश्वर को हुनुहुन्छ र परमेश्वरले के के भन्नुभयो र उहाका प्रतिज्ञाहरु र साथ साथै उहाँका आज्ञाहरु हामीलाइ थाहाँ हुन जरुरी छ। आदम र हब्वालाइ सिष्टि गर्दा एउटा आज्ञा मात्र परमेश्वरले दिनुभयो सबै फलको बोटबाट तिमीले खान सक्छौ तर एउटा बोटको फल मात्र नखानु त्यो आज्ञा आदम र हब्वाले तोडेपछि पाप बढेर बढेर धेरै आज्ञाहरु हामीमा आयो।

मर्कुस ११:२३ [23]म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले यो पर्वतलाई भन्सक्छौ, जा अनि समुद्रमा खस्। अनि यदि तिमीहरूको मनमा कुनै शंका छैन, अनि तिमीले विश्वास गरेको खणडमा तिमीले भनेको कुरा घटने छ, तब परमेश्वरवले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ।

परमेश्वर भन्दैहुनुहुन्छ कसैले पनि बिश्वासमा केहि कुरा भन्छ भने त्यो हुनेछ। बिश्वास बोल्छ त्यसैले केहि कुरा पनि बिश्वासमा गर्दा खेरी बोल्नु पर्छ। जब सम्म हामी बोल्दैनौ परमेश्वरको सामर्थ त्यस कुरा माथि आउदैन। त्यसैले यदि हामी हृदयमा बिश्वास गर्छौ भने मुखले स्वीकार गर्नुपर्छ। मुखले स्वीकार नगरेर हृदयमा मात्र बिश्वास गर्छ भने त्यसले उद्धार पाउदैन। परमेश्वरले जब सृष्टि गर्नुभयो मान्छेलाई मात्र उहाँ को श्वरुपमा बनाउनु भयो। आदिमा परमेश्वरले श्वर्ग र पृथ्वि बनाउनु भयो। जे जे पनि परमेश्वरले बनाउनु भयो त्यो कुराहरु उहाँले पहिलै देखेर बनाउनु भएन सबै थोक बिश्वासमा अनी मुखले बोलेर बनाउनु भयो। त्यसैले हामी पनि श्विासमा र मुख खोलेर बोल्छौ भने पबित्र आत्मा त्यहाँ काम गर्नुहुन्छ। बिश्वास सधैनै बोल्छ चुप लागेर बस्दैन। त्यस्तै गरी अबिस्वास र डर पनि सधै नै बोल्छ। बिश्वास सुनाइ बाट र सुनाइ परमेश्वरको बचन बाट आउछ।

यहुन्ना १:३ सार सृष्टि हुन पहिल्यै त्यहाँ वचनथियो। त्यो वचन परमेश्वरसंग थियो, अनि वचननै परमेश्वर हुनुहुन्थ्यो।
[2]उहाँको वचन शुरूमा परमेश्वसंग हुनुहुन्थ्यो।
[3]र उहाँकै माध्यमबाट विश्व सृजना हुन सक्यो। उहाँ बिना केही सृजना हुन सकेन।

हामीले देख्ने वा नदेख्ने सबै थोक येशु द्धारा बन्यो। उहाबिना केहि पनि बनेन। आदिमा बचन थियो। त्यो पुरा बचनमा हामीलाइ सानो बचन बाइबलको रुपमा दिएको छ। येशुको नामनै परमेश्वरको बचन हो।

भजनसग्रह ३३:६,९ [6]परमप्रभुले आदेश गर्नुभयो र यो संसार बनियो। परमेश्वरको मुखबाट निस्केको सासबाट पृथ्वीमा प्रत्येक कुराको सृजना भयो।

पिता ,पुत्र र पबित्र आत्माले सृष्टि गर्नुभयो। पिता बोल्नुभयो भनेको त्यो हो येशु उहाँको मुख देखि आउने स्वास भनेको त्यो हो पबित्र आत्मा। जब हामी बोल्छौ हामीलाइ बोल्नको लागी ३ वटा कुरा चाहिन्छ। पहिला ब्यक्ति म ,दोस्रो मेरो आवाज तेस्रामा स्वास हामी परमेश्वरको स्वरुपमा बनाएका हौ।

[9]किन? किनभने परमेश्वरले आदेश गर्दा मात्र ती कुराहरू प्रकट हुन्छन। अनि यदि उहँले भन्नुहुन्छ, "रोक!" तब ती सबै रोकिने छन्।

परमेश्वरले बोलेर नै सारा कुराहरु गर्नु भयो। त्यसैले हाम्रो बिश्वासको सत्य मुखमा छ। बिश्वास र अबिश्वास दुबै बोल्न सक्छ।

हितोपदेश १८:२१ [21]आफैंले बोलेको शब्दहरूले आफैंलाई जीवन अथवा मृत्यु बोलाइ दिन्छ। यसर्थ बोल्नु मन पराउने मानिसले आफूले बोलेको शब्दहरूले के ल्याँउछ स्वीकार्नु तत्पर रहनु पर्छ।

जिब्रोमा जीबन र मृत्यु दुबै छ। बिश्वास हुन सक्छ अबिश्वास पनि हुन सक्छ।

हितोपदेश १०:१९ [19]धेरै बोल्ने मानिसले प्रायः समस्या उबजाउँछ, तर चुपचाप रहने मानिस विवेकी हुन्छ।

हाम्रो मुख बाट निस्कने बोलिमा हामी होसियार हुनुपर्छ । जति धेरै हामी बोल्छौ त्यति धेरै पाप हुन सक्छ ।

दुइ तरीकाको पाप हुन्छ ।एउटा पाप सत्यको बिरुद्धमा हो । जब हामीलाइ केहि पहिलाको कुरा भन भनेर भन्दा हामीलाइ त्यति याद हुदैन र जति याद हुन्छ त्यसमा मसला हालेर हामी त्यसलाइ ब्याख्या गर्छौ जसले गर्दा त्यसमा झुट पनि हामी भन्छौ । त्यसकारणले भनेको कुरा असल र सत्य हुनुपर्छ । एउटा ब्यक्ति बसेर गफ मारेको मारै गर्‍यो भने त्यहाँ अबस्य पनि पाप हुन्छ किनकी बचनमा लेखेको छ धेरै बोल्नेले समस्या उब्जाउछ । येशुको बारेमा बचनमा यसरी लेखेको छ येशुको जीवनमा केहि पनि पाप थिएन र उनी पाप रहित थिए । येशुको मुख देखि आउने हरेक सत्य र बिश्वासिलो बचन हो । पबित्र आत्माको हामी प्रति यहि कोसिस हो कि हामी पाप नगरौ ।

याकुब ३:२ [2]हामी सबैले अनेकौं गल्तीहरू गर्छौं। यदि कसैले कहिल्यै पनि कुवचन बोलेनौं भने त्यो पक्का मानिस बन्नेछ। उ आफ्ना सम्पूर्ण सरिरलाई नियन्त्रणमा राख्न समर्थ हुनेछन्।.

येशु सिद्ध मानिस हुनुहुन्थ्यो । जब उहाँ बोल्नुहुन्थ्यो भने उहाको मुख बाट मात्र सत्य र बिश्वास निक्लन्थ्यो । बिश्वास सानो कुरा होइन बिश्वास बाट नै यो सारा सृष्टि भएको हो ।

हिब्रू१:१-३ घि-अघि परमेश्वर हाम्रा पिता-पुर्खाहरूसित अगमवक्ताहरूद्वारा बोल्नुहुन्थ्यो। परमेश्वर धैरै पटक विभिन्न प्रकारले बोल्नुभयो।
[2]अनि अब यी अन्तिम दिनहरूमा परमेश्वर हामीसंग आफ्ना पुत्रद्वारा बोल्नुभएकोछ। उहाँले आफ्ना पुत्रद्वारा यो समस्त विश्व बनाउनु भयो अनि उहाँले आफ्ना पुत्रलाई सबै कुराको आफ्ना उत्तराधिकारी बनाउनुभयो।
[3]पुत्रले परमेश्वरको महिमा प्रतिबिम्बित गर्नुहुन्छ। उहाँ परमेश्वरको स्वभावको पूर्ण प्रतिरूप हुनुहुन्छ। उहाँले हरेक कुरालाई आफ्नो शक्तिशाली आदेशको अधीनमा राख्नुहुन्छ। उहाँले मानिसहलाई उनीहरूको पापहरूदेखि शुद्ध तुल्याउनु भयो र स्वर्गमा परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो।

येशु नै परमेश्वरको प्रतिबिम्ब र परमेश्वरको स्वभावको पुर्ण प्रतिरुप हुनुहुन्छ । र सम्पुर्ण बिष्वलाइ आफ्नै शक्तिको वचनले समाल्नुहुन्छ । येशु ख्रिष्ट बचन हुनुहुन्छ । येशु द्धारा नै सबै कुरा हुन आए कुनै कुरा पनि उहा बिना हुन आएन । हामीले उद्धार पनि बचन द्धारा पाएका हौ । बिश्वास बोलि द्धारा आउछ ।अबिश्वास पनि बोलि द्धारा आउछ । सत्य र असत्य दुबै बोलि द्धारा आउछ । त्यसकारण परमेश्वर भन्नुहुन्छ धेरै कुराहरु बोल्दा खेरी त्यहाँ पाप आउन सक्छ । मतलब असत्य आउन सक्छ । दोस्रो पाप बिश्वासको बिना अबिश्वास हुन्छ । येशुको चेलाहरु आएर थोमा संग भने हामीले येशुलाइ देख्यौ उहाँ बौरी उठ्नु भयो भनेर भन्दा थोमाले भन्छन् जब सम्म म मेरो औलि त्यो येशुको हातको काटि ठोकेको प्वालमा हाल्दिन तब सम्म म बिश्वास गर्दिन भनेर भन्छन् । थोमाको मुख देखि आउने सबै अबिश्वास हो । बिश्वास हो या अबिश्वास यि दुइ कुराहरु मुख देखि निक्लदछ । परमेश्वरले हामीमा बिश्वास खोज्नुभएको हो । परमेश्वरको पुत्र जब यस संसारमा आउदा बिश्वास खोज्नुभये । बिश्वास छ कि छैन भनेर हाम्रो बोलि देखि हामीलाइ थाहाँ हुन्छ । येशु मशिह जादै हुनुहुन्छ भिड पुरा छ बर्तिमैले थाहाँ पाए येशु त्यहाँ बाट जादै हुनुहुन्छ भनेर त्यसपछि बर्तिमै ले चिल्लाएर यसो भने दाउदको पुत्र मेरो मथि दया गर्नुस् । त्यो हो बिश्वासको आवाज । मानछेहरुले चुप लाग भनेर भने । त्यो हो अबिश्वासको बोलि र पनि उसले अझ ठुलो श्वरमा कराएर भने त्यति खेर येशु रोकिनु भयो यसको मतलब जाहाँ बिश्वासको आवाज आउछ त्यहाँ येशु रोकिनु हुन्छ । साधारण तया बिश्वास बोलि बाट देख्न सकिन्छ र दोस्रोमा हाम्रो कृया बाट पनि देखिन्छ । हामी सबै जना आइतबार को दिनमा म०डलि जान्छौ र त्यो म०डलि ९ बजे भन्यो भने ९:१५ ,९:२० मा शुरु हुन्छ । सधै ढिला हुने एउटा म०डलि छ भने त्यहाँ मान्छे हरु यति छिटो गएर के गर्नु भनेर सबै जना १५ मिनेट २० मिनेट ढिलो आउछन् त्यसको माझमा कोहि बिश्वासिहरु यस्ता हुन्छन् जो ९ बजे को अगाडिनै आउछन् । पाष्टर बाबाले ९ बजे हाम्रो संगति को समय भन्नुभएको छ चाहे अरु आउन् या नआउन् पुरै शाल यिनीहरु समयमा आउछन् । यिनीहरु बिश्वासमा र येशुलाइ भेट्नको लागी आएका हुन् । मान्छेले हाम्रो बिश्वास देखुन् भनेर हामीहरु म०डलि समयमा जाने होइन हाम्रो बिश्वास र हाम्रो कृया परमेश्वरले देख्नुहुन्छ । जब चार जनाले एउटा बिरामी लाइ खाट सहित बोकेर ल्याए र त्यहाँ भिड भएको कारण छत तोडेर खाटलाइ डारिले बाधेर येशु काहाँ ल्याए त्यतिखेर येशुले बिरामिको बिश्वास देखेर होइन ति चार जना जसले बिरामीलाइ ल्याए तिनहिरुको बिश्वास देखेर उसको चगांइ गर्नुभयो ।कृयामा बिश्वास हेर्न सक्छ । १२ शाल रक्तस्राब भएकि एउटा स्त्रीले येशुको बारेमा सुनी त्यस पछि आफ्नो मनमा सोच्छे ब्यबस्थाको म त रक्तस्राब भएकि स्त्री यदि मैले येशुलाइ छोए भनेत उहाँ अशुद्ध हुन्छ त्यसकारण म गएर येशुको सानो पछाडिको कपडा छोए भने म ठिक हुन्छु । येशुले यि कुरहरु सुन्दै हुनुहुन्थ्यो । बालिमा सत्य र बिशवस हुनुपर्छ । येशुले भन्नुभयो यदि कसैले पनि यो पाहाडलाइ हटेर जा भन्यो भने त्यो हट्छ । मतलब बिश्वास बोल्छ र अबिश्वास पनि बोल्छ । यदि हाम्रो शरिरमा रोग छ भने हर दिन त्यो रोगलाइ बिश्वासमा नै शरिर संग बोलेर भन्नुपर्छ येशुको नाममा हटिजा । अञ्जिरको रुखले सुन्न सक्छ भने सबै कुराले सुन्छ । सबैको कान छ येशुले आधिलाई भन्नुभयो रुक जा र त्यो रोकियो । पत्रुसको सासुलाइ जरो आएको थियो । येशुले त्यो जरोलाई हकार्नु भयो । जरोले सुन्नसक्छ त्यसपछि जरो भाइरसहरुले छोडेर गए । त्यसकारणले बिश्वास बोल्न सक्छ ।

२ कोरिन्थी ४:१३ [13]धर्मशास्त्रमा यो लेखिएको छ, "मैले विश्वास गरें, यसकारण म बोलें।" हाम्रो विश्वास पनि त्यस्तै नै छ। हामी विश्वास गर्छौं र हामी बोल्छौं

मैले बिश्वास राखे त्यसकारणले मैले बोले । बिश्वासको आत्मा बिश्वासको अनुसार बोल्छ । हाम्रो लागी यो नया शालमा धैरै कुराहरु परमेश्वरले राख्नु भएको छ र त्यो पाउनको लागी हामीलाइ बिश्वास चाहिन्छ । सबै संग अनमोल प्रतिज्ञाहरु र आज्ञाहरु छन् ।यी दुइ कुराहरु पालन गरेर बिश्वासमा हामी बोल्नु पर्छ ।कुनै कुराको  समय लाग्छ कुनै कुरा छिटो हुन्छ । समय परमेश्वरको हातमा छोडिदिनु पर्छ तर बिश्वास कहिले पनि छोड्नु हुदैन । भजनसग्रह ७८ अनुसार इजरायलिहरुको मुख देखि गनगन र अबिश्वासको कुरा मात्र आएको कारणले गर्दा इजरायलिहरुले मरभुमिमा ४० शाल घुमेर बिताउनु पर्यो। र तिनीहरु प्रतिज्ञाको देशमा पस्न सकेनन् र त्यहि मरे । जब प्रतिज्ञाको देशमा आए र पहिलो लडाइ यरियोको देश संग भयो । यरियोको पर्खाल त बिशाल थियो परमेश्वरले तिनीहरुलाइ भन्नु भयो पहिलो आज्ञा मुख बन्द गर्नु हलेलुया भन्नु त्यति मात्र त्यो भन्दा बढि केहि नबोल्नु । होइन भने तिमीहरुको मुख बाट पाप मात्र हुन्छ । पहिला तिमीहरुले सिक्नु पर्छ के कुरा बोल्नु हुन्न त्यसपछि के कुरा बोल्नु पर्छ । पहिला ६ दिन चुप चाप बस हिब्रु ११ अध्यायमा यरियोको पर्खाल बिश्वास द्धारा ढल्यो  भनेर भनेको छ । ६ दिन घुमे पछि ७ औ दिनमा बिश्वास द्धारा चिल्लाए पछि बिशाल यरियो पर्खाल आफै ढल्यो । हामीलाइ आत्मिक रुपमा जीवन जिउनको लागी के चाहियो त्यो सबै येशु मशिहमा हामीले पाइसकेका छौ । दिन्छु भनेर भनेको छैन दिइसकेको छ ।

१ पत्रुस २:२४ [24]ख्रीष्टले हाम्रा पापहरु आफ्नो शरीरमा क्रूसमा बोक्नु भयो। उहाँले यसो गर्नुभयो ताकि हामी पापको निम्ति मरे र धर्मिकताको कककनिम्ति अनि जे उचित छ त्यसका निम्ति बाँच्ने गरौं। उहाँको चोटहरुले तिमीहरु निको पारियौ।

उहाको चोटहरु द्धारा हामी निको हुन्छौ होइन तर हामी निको पारियौ मतलब हामी निको भैसकेका छौ । २००० शाल अगाडि नै निको भैसकेका छौ । हाम्रो उद्धार पनि आमाको गर्भमा आउनु भन्दा अगाडि नै हामीले उद्धार पाइसकेका थियौ । एक दिन हामी जब येशुको पासमा जादा खेरी त्यति खेर हामीलाइ त्यहाँ त समय नै छैन शुरु र अन्त परमेश्वरले देखिसक्नुभयो तर हामी अन्त को दिनको लागी पर्खि बसेका छौ् ।

मर्कुस ११:२३ [23]म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले यो पर्वतलाई भन्सक्छौ, जा अनि समुद्रमा खस्। अनि यदि तिमीहरूको मनमा कुनै शंका छैन, अनि तिमीले विश्वास गरेको खणडमा तिमीले भनेको कुरा घटने छ, तब परमेश्वरवले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ।

शंका हुनु हुदैन बिश्वसका साथ भन्यो भने त्यो हुनेछ । जब हामी स्कुलमा गन्ति रटेर रटेर याद गर्थ्यौ । त्यति खेर याद गरेको कुरा जब बजारमा जादाँ त्यहाँ काममा आउदा हामीले बुझ्यौ कि गणित कति महत्वपुर्ण रहेछ भनेर । १०० रुपैयाको नोट छ २० रुपैयोको चिनी किने पछि ८० रुपैया आउनु पर्छ त्यसमा कसैले झुक्काउनै सक्दैन किनकी शंका नै छैन किनकी पुरा गणित रटेर रटेर याद गरेको छ । त्यसैगरी हामीले परमेश्वरको बचन माथि ध्यान राखेर राखेर बोल्दै बोल्दै एक दिन सबै शंका जान्छ । जब शंका जान्छ बिश्वास आउछ र फेरी त्यो बिश्वास द्धारा बोलेको कुरा पुरा हुन्छ । येशु जब जब बोल्नुहुन्छ बिना शंकामा बोल्नुहुन्छ र त्यो पुरा हुन्छ तर हामी जहिले पनि बोल्छौ पुरा शंकामा बोल्छौ ।

मर्कुस११:२३ [23]म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले यो पर्वतलाई भन्सक्छौ, जा अनि समुद्रमा खस्। अनि यदि तिमीहरूको मनमा कुनै शंका छैन, अनि तिमीले विश्वास गरेको खणडमा तिमीले भनेको कुरा घटने छ, तब परमेश्वरवले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ।

अबिश्वासको अगाडि शंका आउछ । दियाबलसले पनि सबै भन्दा पहिला शंका उत्पन्न गराउछ । त्यसको पछि अबिश्वास लिएर आउछ ।

उत्पति ३:१ परमप्रभु परमेश्वरले सृष्टि गर्नु भएको सबै जन्तुहरु मध्ये सर्प अत्यन्त धूर्त थियो। सर्पले उसलाई सोध्यो, "ए नारी! के परमेश्वरले बगैंचामा कुनै पनि रुखबाट फल खानु हुँदैन भनी मनाही गर्नु भएको छ?"

सैतानले शंका उत्पन्न गरायो । परमेश्वरलेत सबै रुख देखि खानु र एउटा रख देखि मात्र नखानु भन्नुभयो तर यहा त सैतान  त भन्दै छ कुनै पनि रुखबाट नखानु भनेको छ? यसरी सैतानले सबै भन्दा पहिला मान्छेको जीवनमा शंका लिएर आयो । त्यस्तै गरी यो संसारको म०डली गिर्नुको कारण सैतानले परमेश्वरको बचनमा म०डलिहरुमा शंका उत्पन्न गरायो । जति मान्छेहरु बिज्ञानमा बढ्छ त्यति परमेश्वरको बचनमा गिर्छ । सृष्टि काहाँ ६ दिनमा हुन्छ हामी सबै बिज्ञानको अनुसार नै बिश्वास गर्छौ । स्कुलमा फिस तिरेर पढेको कुरा झुट हो । सृष्टिको कुरा हामीले बाइबल बाट अहिले का नानहिरुलाइ भन्यौ भने उनीहरु बायबललाइ शंका गर्छन् ।

उत्पत्ति ३:४ [4]तर सर्पले स्त्रीलाई भने, "तिमीहरु निश्चय मर्ने छैनौ।

परमेश्वरले तिमीहरु निस्चयनै मर्छौ भन्नु भयो तर सैतान यहा भन्दैछ तिमीहरु निस्चय नै मर्ने छैनौ । अब शंका होइन सैतानले अबिश्वास लिएर आयो । पहिलो शंकामा उसले जित्यो भने दोस्रोमा अबिश्वास लिएर आउछ । तेस्रोमा अनआज्ञाकारीता लिएर आउछ ।

उत्पत्ति ३:६ ६तब त्यो स्त्रीले त्यस रुखको फल हेर्नमा राम्रो र खानमा पनि असल बुझिन् कारण त्यस रुखको फलले ज्ञान दिन्थ्यो त्यस रुखबाट केही फलहरु टिपेर खाई अनि आफूसंग भएको मानिसलाई पनि खान दिई र उसले पनि खायो।

यसरी सैतानले अनाज्ञाकारीता ल्यायो । त्यसैले परमेश्वरले केहि भने पनि हामीले शंका गर्नु हुदैन । त्यसलाइ त केहि भाको छैन अरु लाइ नहेर्नु पापको द०ड मृत्यु हो र त्यस पछि न्याय एक दिन जब सबै जना न्याय को अगाडि उभे पछि मात्र थाहाँ हुन्छ कति जनाले परमेश्वरको आज्ञालाइ तोडे । पहिला शंका गर्नु हुदैन दोस्रो बिश्वास गर्नु पर्छ । परमेश्वरले एउटै कुराको बारेमा धेरै प्रतिज्ञाहरु दिनु भएको छ । एउटा चगांइको बारेमा पनि धेरै प्रतिज्ञाहरु दिनुभएको छ । अब्राहामको जीवन देखि एलिया ,एलिसा ,येशु ,पत्रुस, पावल यिनीहरु सबैको जीवनको अनुभब हेर्दा खेरी परमेश्वर त चगांइको परमेश्वर पो रहेछ भनेर थाहाा हुन्छ । शंका देखि बिश्वासमा बढ्न हामीलाइ दुइ वटा कुरा चाहिन्छ । एउटा परमेश्वरको प्रतिज्ञाहरु चाहियो परमेश्वर कहिले पनि बदल्नु हुन्न । उहाँ सधैं नै एकै समानको हुनुहुन्छ । दास्रो मा हामी परमेश्वरको बचनको तरफ अगाडि बढ्नु पर्छ जाहाँ बिश्वास छ त्यहाँ परमेश्वरले आशिष दिनुभएको छ । परमेश्वरले हाममिा बिश्वास खोज्नुभएको हो अब्राहाममा , इसहाकमा , र याकुबमा मोसामा युसुफमा यिनीहरु सबैमा बिश्वास थियो । परमेश्वर बिश्वासिहरुको कदर गर्नु हुन्छ ।

हिब्रू १२:१ म्रा वरिपरि विश्वासी मानिसहरू धेरै छन्। तिनीहरूका जीवनीले विश्वास के हो त्यो हामीलाई सिकाउँछ। यसर्थ, हामी तिनीहरू जस्तै हुनुपर्छ। हामीले पनि आफ्नो दौड नरोकिई दगुर्नु पर्छ। यदि दौडमा केही बाधा आउछ भने त्यसलाई फ्याँकनु पर्छ। अनि हामीलाई सजिलै फँसाउने पापलाई पनि हटाउनु पर्छ।

बिश्वासका साक्षीहरु हिब्रु ११ अध्यायमा हेर्नै हो भने पुरा बिश्वासमा चल्नेहरुको सुची दिएको छ । यो अध्याय बिश्वासको अध्याय हो ।सबैको नाम लेख्न सकिदैन थोरैको नाम मात्र लेखेको छ भनेर भनेको छ र पनि बिश्वास हाबेल देखि ,नुह देखि ,यिनीहरु सबै बिश्वासको साक्षीहरु हुन् । बिश्वास गर्नेहरुको जीवनमा परमेश्वरले आदर , अनुग्रह र आशिष दिनुहुन्छ । परमेश्वरमा हिड्नको लागी हामीले हनोकको जीवन देखि सिक्न सक्छौ । आदम पछि ७ औ पुस्ता हनोक बिश्वासको कारणले जिउदै परमेश्वर संग उठाएर लैजानु भयो । परमेश्वरको दास्रो आगमणको लागी कस्तो तयारीको जविन जिउनु पर्ने हो हनोकको जीवन बाट सिक भनेर परमेश्वरको बचनमा हनोकको बारेमा लेखिएको छ । हिब्रु ११:६ पदमा यसरी भन्छ बिश्वासको बिना परमेश्वरलाइ प्रसन्न पार्न सक्दै सक्दैन । यो हिब्रु११:५ पदको हनोक को बारेमा कुरा गर्दा गर्दै यो बिश्वास को कुरा जोडिएको छ ।परमेश्वर बाट पाउने इनाममा सबै भन्दा ठुलो इनाम भनेको मृत्युनचाखि कनै जिउदै परमेश्वर संग उठाइ लैजानु हो । त्यो इनाम हनोकले परमेश्वरमा बिश्वासमा हिडेको कारणले गर्दा पाए । हामीले यि सबै कुरा सुन्ने र पढ्ने एउटै कुराको लागी हो सत्य र बिश्वासको लागी । हावेलको भेटि परमेश्वरले ग्रहण गर्नुभयो तर कहिन को भेटि परमेश्वरले ग्रहण गर्नु भएन । यसमा हामीले सत्य र बिश्वास दुबै देख्न सक्छौ । सत्य रगतको बिना परमेश्वरको अगाडि कोहि पनि आउन सक्दैन । पापको द०ड मृत्यु हो र मृत्युको चिन्ह रगत हो । हामीले यहाँ बाट सिक्नु पर्ने सत्य म पापी हु र म परमेश्वरको हरदिन अगाडि जानको लागी येशु मशिहको रगत द्धारा मात्र जान सकिन्छ । दोस्रो बिश्वास त्यो रगत द्धारा म जान सक्छु भन्ने बिश्वास राख्नु पर्छ । हामीले हाबेल बाट दुइ कुरा सिक्न सक्छौ एउटा सत्य र अर्को बिश्वास । सत्य र बिश्वास बाट हामी परमेश्वरको नजिक जान सक्छौ यो सबै कुराहरु परमेश्वरको बचन बाट हामीले सिक्न सक्छौ । कति म०डलिहरु परमेश्वरको बचन अनुसार गर्दैनन् । आ९नै नियम अनुसार चल्छन् । यसको मतलब हो येशु त्यो म०डलिको शिर हुनुहुन्न । शिर र शरिर अलग भएपछि त मान्छे जिन्दा रहन सक्दैन । यसरी कति म०डलिहरुमा येशु शिर भएको हुनाले उहाँ छैन भने त्यो म०डलिहरु आत्मिक रुपमा मरेका छन् । परमेश्वरको प्रतिज्ञाहरु  परमेश्वरको बचनमा नै दिएको छ । यदि हामीले प्रार्थनामा केहि कुरा सुन्यौ भने बचन अनुसार मिल्न पर्छ होइन भने त्यो असल होइन । त्यसकारणले भजनसग्रह १३८ मा यसरी लेखेको छ मैले मेरो बचनलाइ सबै भन्दा मेरो नाम भन्दा पनि उच्च राखेको छु । किनभने जब न्यायको दिनमा मान्छेहरुले भन्छन् प्रभु प्भु हामीले तपाइको नाममा धेरै कामहरु गर्यौ । परमेश्वर भन्नुहुन्छ हे अधर्मीहरु तिमीहरुले गरेको कुराहरु मेरो बचनको अनुसार थिएन । किनभने मेरो बचन सत्य हो ।

यहोशु १:८ ८त्यस व्यवस्थाको पुस्तकमा लेखिएका कुराहरू सदैव याद राख। दिन-रात त्यस पुस्तकको अध्यान गर। तब तँ त्यसमा लेखिएका कुराहरू पालन गर्न निश्चित हुने छस्। यदि तैंले यसो गरिस् भने तँ ज्ञानी बन्ने छस् अनि तैंलेजे कुरा गर्छस् त्यसमा सफल हुने छस्।

दिन रात त्यसको माथि ध्यान राखेको हो भने मेरो मुख बाट त्यहि आउछ । शंका नआउनको लागी परमेश्वरको बचनको माथि दिन रात ध्यान राख्नु पर्छ । पहिलो कुरा बचन माथि दिन रात ध्यान दिनु पर्छ ,दोस्रोमा लेखेको कुरामा बिश्वास गर्नु पर्छ तेस्रोमा त्यस अनुसार जिउनु पर्छ । पुरानो नियममा सबै भन्दा उन्नति पाएका दुइ वटा ब्यक्ति छन् । हनोक र एलिया किनभने परमेश्वरले यि दुबैलाइ जिउदै श्वर्ग लैजानु भयो । राजाको अगाडि जिउदै परमेश्वरले आफु संग लिएर जानु भयो यो सबै भन्दा ठुलो आशिषको कुरा हुन् । परमेश्वरले हनोकलाइ भन्नु भयो तब सम्म तिमी जिउने छौ जब सम्म म फेरि यो संसारमा आउने छु । हनोक लगभग ५००० शाल परमेश्वरको उपस्थितीमा छ । उ अझै मरेको छैन । उ फेरी आउनु पर्छ अनी मर्नु पर्छ । हनोक दिनरात परमेश्वरको बचनमा ध्यान दिए । र परमेश्वरमा रहेर हिडे र जे परमेश्वरले भनेको कुरा पालन गरे र परमेश्वरले भन्नु भयो हनोक म संग हिड् । आदम देखि ७ औ पुस्ता ७ नम्बर भनेको सिद्धताको नम्बर हो । १० भनेको न्यायको नम्बर हो । नुह १० औ पुस्ताका थिए जसको समयमा न्याय आयो । उत्पत्ति देखि येशुको आगमण सम्म

४००० बर्ष र येशुको मृत्यु देखि हामी सम्म २००६ भयो ७ औ पुस्ता उठ्ने बेला भयो ७ औ पुस्ता मतलब पुनरउथ्थान हो । र्‍यापचर अर्थात परमेश्वरको पुनरउथ्थान पासमा आएको छ । ६००० शालमा हामीले संसारलाइ सांसारिक आखााले हेर्नें हो भने संसार गिर्दै गिर्दै गएको र म०डलि परमेश्वरको पवित्रतामा, सत्यतामा र बिश्वासमा बढ्दै बढ्दै गएको कुरा हेर्न सकेको छैन । परमेश्वरको पुनरउथ्थानको बेलाको मान्छेहरुनै यो संसारको अन्तिम पुस्ता हुनेछ । र पनि हामीले त्यो देख्न सकेको छैन किनभने हामी यो संसारमा रुमलिएका छौ । हनोकको जीवन द्वारा परमेश्वले हामीलाइ सिकाउदै हुनुहुन्छ । हामीले नदेखेको म०डलि यस संसारमा पुरा छ । हामीले हाम्रो आखाँले देख्न सक्दैनौ उनीहरु पबित्रतामा ,सिद्धतामा , परिपक्वतामा पुग्न आटेको छ । उनीहरुलाइ लिनको लागी येशु आउनुहुन्छ । हामी पनि त्यसको भाग हुनु पर्छ । यो बिश्वासको सत्यहरु हो र यो काम परमेश्वरको बचन अनुसार हुन्छ । एफिसी ५ अनुसार पुरुषले स्त्रीलाइ येशु मशिहले म०डलिलाइ प्रेम गरेको जस्तै गरेर गर्नु पर्छ । येशुले म०डलिलाइ परमेश्वरको मुख बाट आएको बचनले धोएर निस्कलकं पबित्र बनाएर सिद्ध पारेर आफैलाइ दिनुहुन्छ । परमेश्वरको बचनको उदेस्य हामीलाइ पबित्र बनाउनु हो । हामी येशुको दोस्रो आगमणको लागी तयारी हुनु पर्छ । त्यसैले २०२३ मा परमेश्वर तपाइको बचन पढ्दा खेरी मेरो हृदयमा शंका नआओस् अबिश्वास नआओस् तपाइको बचन माथि दिनरात ध्यान राख्ने बन्न सकौ भन्ने हाम्रो प्रार्थना हुन जरुरी छ ।

मर्कुस ११:२३ [23]म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले यो पर्वतलाई भन्सक्छौ, जा अनि समुद्रमा खस्! अनि यदि तिमीहरूको मनमा कुनै शंका छैन, अनि तिमीले विश्वास गरेको खणडमा तिमीले भनेको कुरा घटने छ, तब परमेश्वरवले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ।

बिश्वास गरेर जे भन्छ त्यस्तै हुन्छ । जे जति हामीले पाएका छौ सबै हाम्ा बोलेको अनुसार हो । बिश्वासमा बोलेको पनि पाको छ । अबिश्वासमा बोलेको पनि पाको छ । डरमा बोलेको पनि पाको छ । असल, सिद्ध इमान्दारी मान्छे

अयुब १:१ य्यूब नाउँ भएको एकजना मानिस ऊज मुलुकका वासिन्दा थिए। अय्यूब एकजना असल र ईमान्दारी मानिस थिए। अय्यूबले परमेश्वरलाई आदर गर्थे र तिनी खराब कर्महरूबाट पर सर्थे।

अयुब असल र इमान्दारी ब्यक्ति थिए । उसको ७ छोरा र ३ वटि छोरीहरु थिए ।

[2]अय्यूबका सात भाई छोराहरू र तीन बहिनी छोरीहरू थिए।

[3]अय्यूबको आफ्नै 7,000 भेडाहरू, 3,000 ऊँटहरू, 1,000 साँढेहरू र 500 गधाहरू थिए। उनको धेरै नोकर चाकरहरू थिए। अय्यूब पूर्वतिरका एक धनी मानिस थिए।

[4]अय्यूबका छोराहरूले पालैपालो गरेर आफ्ना घरहरूमा प्रितीभोजहरू दिने गर्थे, अनि तिनीहरूले आफ्ना बहिनीहरूलाई निमंत्रणा गर्थे।

अयुब धनी भएको कारणले गर्दा छोरा छोरीहरु खादै पिउदै बसेको छ ।

[5]तिनीहरूको भोजपछि अय्यूबले तिनीहरूलाई बोलाउन पठाउँथे र परमप्रभुप्रति समर्पित गराउँथे। उसले यो काम बिहान चाडै उठेर र प्रत्येक नानीहरूका लागि एउटा बलि चढाएर गर्थे। अय्यूबले यस्ते गरे किनभने उनी आफैले सोच्थे, "हुन सक्छ असावधानीको कारण मेरो छोरा र छोरीहरूले गुप्त तरिकारले केही गल्ती गरेर परमेश्वरलाई सरापे।" अय्यूबले यी सबै सधैं गर्ने गर्थे।

अयुबले सधै आफ्ना छोरा छोरीको पापको लागी सधै बलि चढाउथे । हामीले गर्ने असल काम दुइ कुराले गर्न सक्छौ एउटा डरले अर्को बिश्वासले अयुबले बलिदान चढाएको असल हो तर उनले यो बिश्वासमा होइन तर डरमा चढाए । हामीलाइ थाहाँ छ सैतानलाइ परमेश्वरले स्वीकृती दिनुभयो सम्पति र नानीहरु सबै सैतानले लिएर गयो । त्यस पछि अयुबले के भने ।

अयुब ३:२५ [25]जुन कुराहरूसित म डराउँथें मलाई त्यही भयो, अनि जेसित म अति डराउथें त्यही ममाथि पर्यो।

जे जे कुरामा म डराए त्यहि त्यहि कुरा मेरो जविनमा आइपरेका छन् । बिश्वासमा मान्छे चल्दा खेरि भित्र डर पनि छ । अयुब आफ्नो नानीहरुको निम्ति डराउथे यिनीहरुको पापको कारण परमेश्वरले द०ड दिनुहुन्छ भनेर । त्यसकारणले बिश्वास ,डर र अबिश्वास सबै बोल्न सक्छ । धेरै जना बिश्वासीहरु बिश्वासमा भन्दा पनि डरमा चल्छन् । तिमोथी असल बिश्वासी थिए । तिमोथीको जीवनमा उसको हजुर आमा, आमा मा भएको असल बिश्वास उनमा थियो । तर पनि तिमोथी डरमा चले जसको कारणले परमेश्वरले भन्छन् तिमीलाइ डरको आत्मा दिएको छैन । डरले पक्रेर हामीलाइ राख्न सक्छ येशुले भन्दै हुनुहुन्छ ।

मर्कुस ११:२३ ,२४ [3]म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले यो पर्वतलाई भन्सक्छौ, जा अनि समुद्रमा खस्! अनि यदि तिमीहरूको मनमा कुनै शंका छैन, अनि तिमीले विश्वास गरेको खणडमा तिमीले भनेको कुरा घटने छ, तब परमेश्वरवले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ।

[24]यसैले तिमीहरूले जे वस्तुको निम्ति प्रार्थना गर्दछै। अनि यदि चीजहरू पाइसकेकाछौ भन्ने विश्वास राख्छौ तब त्यो तिम्रो आफ्नै हुनेछ।

परमेश्वरले प्रार्थनाका कुराहरु लिएर आउनुभयो । प्रार्थना गर्दा खेरि बिश्वास राख्नु पर्छ । प्रार्थना गर्दा पाउछु भनेर होइन पाइसके भनेर बिश्वास राखेर गर्नु पर्छ । बिश्वास, परमेश्वरको इच्छा परमेश्वरको आज्ञाहरु परमेश्वरको प्रतिज्ञाहरु सबै मिलेपछि त्यसको उत्तर पाउछ

रामि ४:१७- 17 धर्मशास्त्रमा यस्तो लेखिएको छ, "मैले तिमीलाई सबै जातिका पिता बनाएँ"यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन त्यसको निर्णय दिनुहुन्छ।
18 अब्राहामको सन्तान हुनेछ भन्ने आशा थिएन। तर अब्राहामले परमेश्वरमा विश्वास गरे र आशा जीवित राखे। त्यही कारणले अब्राहाम धेरै जातिका पिता भए। परमेश्वरले जस्तो उनलाई भन्नुभयो, "तिमीसँग धेरै सन्तानहरू हुनेछन्।"

अब्राहाम सन्तान बिहिन थिए, र दुखिमा थिए । उनी बृद्ध भइसकेका थिए। त्यतिखेर परमेश्वरले अब्राहामलाइ बाहिर बोलाएर आकासमा हेर आकासमा ताराहरु कति छन् त्यो गन्न सकिदैन त्यसरिनै तिम्रा सन्तान हुनेछन् भनेर भन्नुभएको थियो । अब्राहामले भने यो हुन्छ कि हुदैन ।परमेश्वरले हुन्छ भनेर भन्नुभयो र त्यसको लागी करार पनि परमेश्वरले बनाउनु भयो । श्रीमती आएर हजिरालाइ दिएर समस्या लिएर आयो । ९९ शाल हुदा खेरि परमेश्वर आएर अब्राहाम संग अझै बिश्वास बढाउनको लागी तिम्रो नाम अब्राहम होइन अब तिम्रो नाम अब्राहाम हुन्छ भनेर भन्नुभयो । अब्राहाम भनेको देशहरुको पिता नानी छ छैन हजिराबाट भएको एउटा नानी मात्र छ र पनि परमेश्वरले अब्राहामको बिश्वास बढाउनको लागी यो सब कुराहरु गर्नु भयो । त्यसपछि एक दिन अब्राहाम र सारा भएको ठाउमा दुइवटा श्वर्ग दुत आएर अर्को शाल तिम्रो सारा बाट नानी हुन्छ भनेर भने । त्यस पछि सारा मनमा हासिन् । साराले मनमा हासेको परमेश्वरले थाहाँ पाउनु भयो । बिश्वासमा हासेको भए परमेश्वरले केहि पनि भन्नु हुने थिएन अबिश्वासमा हासेको कारण परमेश्वरले यसरी भन्नुभयो मेरो लागी केहि कुरा पनि असम्भव छैन ।

17 धर्मशास्त्रमा यस्तो लेखिएको छ, "मैले तिमीलाई सबै जातिका पिता बनाएँ"यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन त्यसको निर्णय दिनुहुन्छ।

परमेश्वर मरेकाहरुलाइ पनि जीवन दिने पिता हुनुहुन्छ । साराको नानी हुने बेला कटिसके तापनि नानी परमेश्वरले दिनुभयो मतलब सारा एक प्रकारले मरेको थिइन् परमेश्वरले जीवन दिनुभयो र साथै अस्थित्वमा नभएकाहरुलाइ अस्थित्वमा ल्याउने मतलब इसहाक अस्थित्वमा थिएनन् तर परमेश्वरले अस्थित्वमा ल्याउनुभयो । परमेश्वरले सृष्टिमा पनि त्यस्तै गर्नुभयो उज्यालो होस् , पानी होस् भनेर यसरीनै सबै अस्थित्वमा नभएका कुरालाइ अस्थित्वमा ल्याउनु भयो । मान्छेलाइ पनि त्यस्तै बनाउनु भयो । सैतानलाइ हामीलाइ परमेश्वरले उहाको श्वरुपमा बनाएको थाहाँ छ । त्यसकारणले सैतानले हाम्रो जीवनमा शंका , अबिश्वास , डर र साथै अस्थित्वमा भएका कुराहरुलाइ लिएर आउछ ।

17 धर्मशास्त्रमा यस्तो लेखिएको छ, "मैले तिमीलाई सबै जातिका पिता बनाएँ"यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन त्यसको निर्णय दिनुहुन्छ।

मेरो छोरा त पक्का फेल हुन्छ यो शाल भनेर भन्छौ भने अन्तत फेल नै हुन्छ यसको उन्नती हुदै हुदैन यो त लाटा नै हो भनेर हामी हाम्रो बच्चालाइ भन्छौ भने हामीले नभएको कुरालाइ पहिलै बनाएर ल्याउछौ । त्यसकारणले परमेश्वरले भन्नुभयो जीवन र मृत्यु जिब्रोमा छ परमेश्वरले गिदोन लाइ ओ बिर योद्धा भनेर भन्नु हुदा गिदोनले को बिर म हो ? कसरी हुनसक्छ मेरो परिवारमा म सबै भन्दा सानो भनेर भने तर हामीमा यो बिश्वास हुनुपर्छ जब परमेश्वरले भन्नुभयो भने पछि त्यहि नै सत्य हो परमेश्वरको अगाडि त्यहाँ परिवार , उचाइ , धनि गबि , अनपढ , लाटो , कुरुप केहि कुराहरु आउदैनन् ।

18 अब्राहामको सन्तान हुनेछ भन्ने आशा थिएन। तर अब्राहामले परमेश्वरमा विश्वास गरे र आशा जीवित राखे। त्यही कारणले अब्राहाम धेरै जातिका पिता भए। परमेश्वरले जस्तो उनलाई भन्नुभयो, "तिमीसँग धेरै सन्तानहरू हुनेछन्।"

शारिरीक रुपमा आशा पटक्कै नभए पनि अब्राहामले परमेश्वरमा आशा राखे । बचनमा भनेको छ बिश्वास नदेखेको कुरामा आशा राखेको कुराको दृढ भरोसा हो । सारा त गर्भबति भएकि छैनन् परमेश्वरले भन्नुभयो अर्को शाल छोरा हुनेछ तिम्रो नाम पनि अब्रहामबाट अब्राहाम अर्थात तिमी देशहरुका पिता हुनेछौ र छोराको नाम इसहाक र पनि अब्राहामले बिश्वास गरे ।

19 अब्राहाम प्रायः एकसय र्वष उमेर पुगिसकेका थिए, यसैले उनको शरीरबाट सन्तानहरू हुन उमेर बितिसकेको थियो। साढ्हबाट पनि कुनै छोरा-छोरी भएन। अब्राहामले यसको विषयमा सोचेका थिए। तर परमेश्वरप्रति उनको विश्वास कमजोर भएन।

यी सबै हुदाहुदै पनि अब्राहाम बिश्वासमा कमजोर भएनन् । किनभने परमेश्वरले बोल्नुभयो । उहाको मुखले भन्नुभयो । अब्राहामले परमेश्वरको बोलेको कुरामा कुनै पनि शंका गरेनन् । उल्टा उनी खुसि भएर मेरो नाम अब्राहम होइन मेरो नाम अब्राहाम हो भनेर भन मेरो छोराको नाम इसहाक भनेर भने त्यतिखेर सारा गर्भबति पनि भएकि थिइनन् ।

[20] परमेश्वरले प्रतिज्ञा गर्नु भएको कुरा गर्नुहुनेछ भन्ने कुरामा अब्राहामले किहिल्यै शंका गरेनन्। अब्राहमले आफ्नो विश्वास गुमाएनन्। बरू, उनको विश्वास अझ दृढ भयो अनि उनले परमेश्वरको प्रशंसा गरे।

अब्राहामले परमेश्वरलाइ सारा गर्भबति हुनु भन्दा अगाडि नै इसहाकको लागी धन्यबाद दिए । त्यसकारणले पावलले फिलिपीको पुस्तकमा परमेश्वमा धन्यबाद को साथ प्रार्थना गर्नु पर्छ भनेर भनेका छन् । धन्यबाद हामीले कुनैपनि कुरा पुरा भइसकेपछि दिइन्छ । प्रार्थना गर्नु भन्दा पहिलानै धन्यबाद चढाउनु को मतलब परमेश्वरमा भन्न भन्दा अगाडिनै पुरा भैसक्यो यो बिश्वासको सबुत हो । यरियोको पर्खाल गिर्नुको अगाडि परमेश्वरले हलेलुयाह भन् भनेर भन्नु भयो त्यसको अर्थ हो त्यो गिर्छ पहिलानै धन्यबाद दिएको ।

[21] आफूले दिनुभएको प्रतिज्ञा पूर्ण गर्नमा परमेश्वर सामर्थी हुनुहुन्छ भन्ने कुरामा अब्राहाम पूर्णरूपले निश्चिन्त थिए।

अब्राहामले उसको र उसको श्रीमतिको उमेर हेर्दैनन् । संसारको आखाले केहि पनि हेर्दैनन् । परमेश्वरले बोलेको कुरामा निश्चिन्त थिए । त्यस्तो भरोसा राख्ने अब्राहामको लेखामा परमेश्वरले धर्मी भनेर लगाउनु भयो।

[22] यसैले, "परमेश्वरले अब्राहामको विश्वासलाई ग्रहण गर्नु भयो। औ उनलाई धर्मी बनाउनु

जब हामी पापि हो भनेर स्वीकार गर्छौ र येशुको रगत द्वारा हाम्रो पाप पखालियो भनेर बिश्वास गर्छौ भने परमेश्वरले हामीलाइ धर्मी बनाउनु हुन्छ । यसरी बिश्वासमा अगाडि अगाडि बढ्दा खेरि हाम्रो लेखामा धार्मीकता पनि बढ्नु पर्छ । याकुबको पुस्तकमा यसरी भन्छ जब अब्रहामले इशहाकलाइ बेदिमा परमेश्वरको लागी बलि चढाउन तयार हुदा हुदै उनी धार्मीकताको पिता बने । किनभने उसले परमेश्वरको पुनरउत्थानमा बिश्वास राखे । यदि मेरो छोरो मरेता पनि उ फेरि बौरि उठ्ने छ किनकी परमेश्वरले सारा देशको पिता बन्नेछस् भनेर उहाको बोलिले भन्नु भएको थियो । त्यो परमेश्वरको बोलिमा अब्राहामको बिश्वास थियो । यसरी हामीले पनि परमेश्वरले भनेका हरेक कुरामा बिश्वास राखेर यो २०२३ देखि अगाडि बढ्छु भनेर परमेश्वरको अनुगहको लागी प्रार्थना गर्न जरुरी छ ।

उत्पति २१:१ परमप्रभुले सारालाई दया गर्ने प्रतिज्ञा गर्नु भएको थियो। परमप्रभु आफ्नो प्रतिज्ञा अनुसार साराप्रति दयालु हुनुभयो।

परमेश्वरले भन्नुभयो र भन्नुभएको कुरा उहाँले पुरा गर्नु भयो । त्यसको प्रमाण इसहाक हो । इसहाक भनेको प्रतिज्ञाको नानी हो । हाम्रो जीवनमा पनि हाम्रो धार्मीकताको कामहरु प्रतिज्ञाको अनुसार हुनुपर्छ । त्यो काम मात्र परमेश्वरले स्वीकार गर्नुहुन्छ । दुबै अब्राहामका संतान थिए इसहाक र इसमाएल तर यी दुइमा इसहाक परमेश्वरको योजनामा आएको कारण इसहाकले आनन्द लिएर आयो इसमाएल अब्राहामको योजनामा भएको कारण गडबढि र दुख लिएर आयो । हामी इसहाकमा ठुलो भएर पपिक्वतामा बढ्नको लागी इसमाएललाइ हाम्रो जीवन बाट निकाल्नु पर्छ । साराले एक दिन भनीन् इसमाएल जान जरुरी छ । अब्राहाम दुखी भए र त्यतिबेला परमेश्वर आएर श्रीमतिले भनेको सुन् भनेर भन्नु भयो । हाम्रो जविनमा बाट पनि २०२३ मा इसमाएल जानु पर्छ र इसहाक मात्र आउनुपर्छ । बिश्वासमा चल्ने हो भने इसमाएलको काम , आखाले शरिरले गर्ने काम निकाल्नु पर्छ । हृदयमा बिश्वास मुखले स्वीकार गरेर हाम्रो उद्धार भएको हो त्यस्तै गरी हाम्रो जीवनमा जीवनको अन्त सम्म यहि प्रक्रियामा हिड्नु पर्छ । यो बिश्वास सुनाइ देखि र सुनाइ परमेश्वरको बचन देखि आउछ । आमेन

*प्रार्थना*

*प्रभु धन्याद , धन्यबाद प्रभु धन्यवाद यो नयाँ शालको लागी धन्यवाद , हजुरको अनुग्रह , कृपाको लागी धन्यवाद । चगांइ ,छुटकारा सबैको लागी धन्यबाद। तपाइ अनुग्रह र सत्य लिएर आउनु भयो । प्रभु यो शाल सत्यमा, बिश्वासमा, प्रेममा चल्नको लागी तपाइको अनुग्रह दिनुहोस् प्रभु पवित्र आत्मा त्यसको लागी सामर्थ दिनुहोस् । यो नयाँ शाल तपाइको आषिश लिएर आउन सकोस् यो सबै येशु मशिह को नाममा प्रार्थना गर्दछु । आमेन*